प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
प्रादेशिक अस्पताल भद्रपूर
झापा, नेपाल

अफिस : ०२३-५२३०२४

पत्र. संख्या : २०८३।०८४
चलानी नम्बर :

**सूचना नं. ००८/२०८३/०८४, मिति २०८३।०५।१७**

**Food Supplements र Nutraceuticals Prescribe नगर्ने सम्बन्धमा।**

श्री चिकित्सक तथा स्वास्थ्यकर्मी ज्यू (सबै)
श्री विभाग प्रमुख ज्यू (सबै)
प्रादेशिक अस्पताल भद्रपुर।

प्रस्तुत बिषयमा श्री स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश विराटनगरको च.नं. १७५८ मिति २०८३/०२/११ को पत्रानुसार सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई बिरामीको प्रेस्क्रिप्सन (पुर्जा) मा **फूड सप्लिमेन्ट (Food Supplements)** तथा **न्यूट्रास्युटिकल्स (Nutraceuticals)** नलेख्न (प्रिस्क्राइब नगर्न) परिपत्र भएको छ।

सो सम्बन्धमा बिरामीहरुबाट मौखिक जनगुनासो समेत आएकाले अस्पताल प्रशासनबाट यस भन्दा अघि पटक पटक जानकारी समेत गराइएको हुदाँ उक्त खाद्यपूरक/खाद्यवर्धक सामाग्री औषधि विभागमा दर्ता नभएका र औषधि उपचार प्रणाली भित्र नपर्ने तथा वैज्ञानिक प्रमाण र मापदण्ड नभएकाले गर्दा बिरामीमाथि आर्थिक भार बढ्नुका साथै उपचार प्रणालीमा अनावश्यक प्रभाव पर्न सक्ने देखिएको भनि पत्र प्राप्त भएकाले अस्पतालको सम्पूर्ण विभाग/वार्ड/शाखामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी ज्यू परिपत्र कार्यान्वयनको लागी पुन: जानकारी गराइएको व्यहोरा अनुरोध छ।

यस सूचनालाई अवज्ञा गरि सिफारिस गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही भइ जाने व्यहोरा अनुरोध छ।

अस्पताल प्रशासन
प्रादेशिक अस्पताल भद्रपुर